जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९, स.वि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक ७९ २०८० साल कात्तिक ४ गते शनिबार (21 Oct. 2023 Saturday) मूल्य रु. ५/-

चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं।
चाडपर्वमा फजुल खर्च नगरौं

हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं।
मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : सप्तरीका शक्तिपीठमा ... ३ पृष्ठमा : चाडपर्वमय बन्दै ... ३ पृष्ठमा :गाजा चर्चमा भएको इजराइली ...

## राजबिराजमा व्यापारीक महोत्सव तथा रमाईलो मेलाको आयोजना हुने




**दैनिक समाचारदाता**
**राजविराज, ३ कात्तिक ।**

राजविराजमा आउँदो कात्तिक ११ गतेदेखी सप्तरी सांस्कृतिक, पर्यटन, कृषि तथा व्यापारीक महोत्सवका साथैरमाइलो मेलाको आयोजना हुने भएको छ ।

शुक्रबार पत्रकार सम्मेलनको आयोजना गरि सप्तरी युथ नेपालको आयोजनामा दशै, शुभदिपावली एवं छठ पर्वको अवसरमा उक्त मेला आयोजना हुन लागेको उपाध्यक्ष मोहन यादवले जानकारी दिएका छन् ।

राजबिराजस्थित राजरंगशाला खेलमैदानमा आयोजना हुने उक्त मेलामा विभिन्न ३० वटा स्टलहरुमार्फत मिथिला संस्कृती खाना महोत्सब तथाराष्ट्रिय एवं स्थानीय खाना महोत्सब, बिभिन्न ब्राण्डका मोबाइल तथा इलेक्ट्रोनिक्स सामानको स्टललगायतर बालबालिकाहरुको लागि मनोरञ्जन सामाग्रि गरि बृहत मेलाको आयोजना गर्न लागिएको जनाइएको छ ।

यसबाहेक दैनिक उपभोग्य सामग्री, खाद्यान्न, लत्ताकपडा, जुत्ता, कृषि तथा हस्तकलाका सामग्री, भाँडाकुँडाका सामग्री, पर्यटन प्रवर्द्धनसम्बन्धी गर्ने स्टलरहने मेला समिति संयोजक सतेन्द्र यादबले बताए । मेलाकै अवसरमा सांस्कृतिक कार्यक्रम समेत आयोजना हुने उनले जानकारी दिए ।

मेलामा बिक्री गरिने सामानमा २५ देखि ५० प्रतिशतसम्म छुट दिने व्यवस्था गरिएको जानकारी दिँदै संयोजक यादबले मेलामा आउनेका लागि निःशुल्क स्वास्थ्य शिविरसमेत सञ्चालन गर्ने बताए ।

उनले मेलामा झण्डै १

*बाँकी दुई पृष्ठमा*

## पत्रकारिता प्रशिक्षण सम्बन्धी पुस्तक विमोचन



**दैनिक समाचारदाता**
**जनकपुर, ३ कात्तिक ।**

मधेश प्रदेश सरकारका मुख्यमन्त्री सरोजकुमार यादवर गृह, सञ्चार तथा कानूनमन्त्री मो. समिम लगायतका मन्त्रीहरुले संयुक्त रुपमा पत्रकारिता प्रशिक्षण सम्बन्धी पुस्तक बिमोचन गरेका छन् ।

मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालयमा आयोजित एक कार्यक्रमका बीच आमसञ्चार प्राधिकरणले प्रकाशन गरेको 'बाटो पत्रकारिताको' नामक पत्रकारिता प्रशिक्षण सम्बन्धी एकीकृत श्रोत पुस्तक विमोचन गरेका हुन् ।

पुस्तक विमोचन गर्नुहुँदै मुख्यमन्त्री यादवले पत्रकारहरुको क्षमता अभिवृद्धि गर्न तालिम, प्रशिक्षण लगायतका कार्यक्रम अगाडि बढाउनुपर्नेमा जोड दिए ।

पत्रकारहरुले सत्यतथ्यर विश्वसनीयतालाई अझ सबल बनाउनुपर्ने आवश्यकता औंल्याउदै उनलेराम्रोलाईराम्रोर नराम्रोलाई नराम्रो लेखिदिनुपर्ने उल्लेख गर्दै पत्रकारर मिडियालाई आफूले सम्मान गर्ने तथा मिडियाले गलत

*बाँकी दुई पृष्ठमा*

## पत्रकारलाई कुटपिट गर्ने जनमतका कार्यकर्तालाई रिहा गरेको भन्दै पत्रकार महासंघको गम्भिर ध्यानाकर्षण

**दैनिक समाचारदाता**
**राजविराज, ३ कात्तिक ।**

नेपाल पत्रकार महासंघसँग कुनै समन्वय नै नगरि पत्रकारलाई कुटपिट गर्ने जनमत पार्टीका दुई जना कार्यकर्ताहरुलाई प्रहरीले रिहा गरेकोप्रति महासंघको गम्भिर ध्यानाकर्षण भएको छ ।

महासंघका सप्तरी सभापति श्रवणकुमार देव र सचिवरामनारायण विश्वासले शुक्रबार एक विज्ञप्ति जारि गर्दै उक्त ध्यानाकर्षण भएको जनाउँदै प्रहरीले कारबाही बिना रिहा गरेको काम स्वतः कानून बिपरित हुन गएको ठहर गरेको छ ।

विज्ञप्तिमा ड्युटिमा खटिएको नेपाल प्रहरीका प्रहरी निरीक्षककै उपस्थितीमा पत्रकार शाहमाथि कुटपिट भएको अवस्थामा प्रहरी प्रतिवेदनकै आधारमा कानूनी कारबाही अगाडी बढाउनुपर्नेमा पीडित पक्षले उजुरी दिंदा पनि उनीहरुलाई रिहा गरिएप्रति गम्भिर ध्यानाकर्षण भएको उल्लेख छ ।

जिल्लाको डाक्नेश्वरी नगरपालिकामा कात्तिक १ गते पोखरी ठेक्का विवादमा भईरहेको आन्दोलन सम्बन्धी समाचार संकलन गर्न पुगेका नेपाल पत्रकार महासंका सदस्य एबरेडियो नेपालका सम्वाददाता संजिवबिक्रम शाहमाथि जनमत पार्टीका कार्यकर्ता अमरेन्द्र यादवर अनिल यादवले कुटपिट गरेका थिए ।

नेपाल पत्रकार महासंघ शाखा सप्तरीको अगुवाईमा प्रमुख जिल्ला अधिकारीर जिल्ला प्रहरी प्रमुखसँगको छलफलपछि पत्रकार साहले

*बाँकी दुई पृष्ठमा*


## हार्दिक मंगलमय शुभकामना



२०८० सालको विजयादशमी, दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**भुपेन्द्र प्रसाद यादव**
**अध्यक्ष, तथा**
**समाज सुधार बचत तथा ऋण सहकारी संस्था लि.**
**संचालक समिति परिवार**
**राजविराज ८, सप्तरी**

## चाडपर्वको बेला सुरक्षित यात्रा गरौ।

चाडपर्वमा यात्रुको चाप बढ्ने भएकोले,

- पर्याप्त संख्यामा र नियमितरुपमा सवारी साधन सञ्चालन गरौं,
- सवारी साधनमा अनावश्यक भिडभाड नगरौं,
- सवारी साधनमा क्षमताभन्दा बढी यात्रु नबोकौं,
- सवारी साधनको छतमा बसेर यात्रा नगरौं,
- सवारी साधनको नियमित मर्मत तथा परिक्षण गरौं,
- मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं,
- दुर्घटनाबाट आफूपनि बचौं र अरुलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

### राजबिराजमा ...

लाख मानिसहरुले अवलोकन गर्ने आंकलन गरिएकोर मेला अवधीको खर्च करिब १५ लाख रुँपैयाको अनुमान गरिएको जानकारी समेत दिए । ५० रुँपैयाको प्रवेश शुल्क लाग्ने व्यवस्था गरिएको उनले बताए ।

### पत्रकारिता प्रशिक्षण ...

कार्यलाई गलत लेखिदिएमा त्यसैलाई आधार मानेर कार्वाही गर्न आफू प्रतिबद्धरहेको बताए ।

सकारात्मक गतिविधि एवम् विषयवस्तहरुलाई समेत पत्रकारहरुले मिडियामा समुचित स्थान दिनुपर्नेमा उहाँले जोड दिए । पत्रकारर मिडिया क्षेत्रको प्रवर्द्धन सम्बन्धी कार्यहरु अगाडि बढाउन प्राधिकरणलाई निर्देशन दिदैं मुख्यमन्त्री यादवले आवश्यक बजेट अभाव पूर्ति गरिने बिश्वास व्यक्त गरे ।

गृह, सञ्चार तथा कानून मन्त्री समिमले प्राधिकरणले प्रकाशन गरेको 'बाटो पत्रकारिताको' नामक पत्रकारिता प्रशिक्षण सम्बन्धी एकीकृत श्रोत पुस्तकलाई बढी भन्दा बढी उपयोग गर्नुपर्नेमा जोड दिदै शुभकामना व्यक्त गरे ।

उक्त अवसरमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री गोबिन्द बहादुर न्यौपाने, खेलकुद तथा समाज कल्याण मन्त्री सुरिता साह, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री बिरेन्द्र प्रसाद सिंह, उर्जा, सिंचाई तथा खानेपानी मन्त्री सिंगासन सा कलबार, उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री सुनिता यादव, श्रम तथा यातायात मन्त्री चन्दन कुमार सिंह समेतको विशेष उपस्थितिरहेको थियो ।

कार्यक्रममा आमसञ्चार प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादवर प्रशासकीय प्रमुख उपेन्द्र कुमार सिंहले प्राधिकरणको बार्षिक प्रतिवेदन समेत मुख्यमन्त्री यादवर गृह, सञ्चार तथा कानूनमन्त्री समिमलाई बुझाएका थिए ।

'बाटो पत्रकारिताको' नामक पत्रकारिता प्रशिक्षण सम्बन्धी एकीकृत श्रोत पुस्तकको लेखन नेपाल पत्रकार महासंघका पूर्व अध्यक्ष,राष्ट्रिय समाचार समितिका अध्यक्ष समेतरहेका पत्रकारिताका वरिष्ठ प्रशिक्षक धर्मेन्द्र झाले गरेका छन् । उक्त पुस्तकमा आधारभूत पत्रकारिता, टेलिभिजन पत्रकारिता, श्रब्यदृश्य छायाङ्कन तथा सम्पादन,रेडियो पत्रकारिता, फोटो पत्रकारितार कृषि पत्रकारिता सम्बन्धी तालिम सञ्चालनका लागि निर्देशिका सहितको पाठ्यक्रम समावेश गरिएको छ ।

### पत्रकारलाई कुटपिट ...

उजुरी दिएपछि बिहीबार साँझ प्रहरीले दुबै जनालाई पक्राउ गरेको थियो ।

अर्कोतर्फ, जनमत पार्टीका स्थानीय नेताहरु जसरी पनि आरोपी आफ्ना कार्यकर्तालाई रिहा गराउन देखाएको भूमिकाले उक्त पार्टी प्रेस स्वतन्त्रता विरोधी देखिएको ठहर गरिएको छ । दोषी ब्यक्तिहरु प्रहरी नियन्त्रण बाहिर भएपछि पत्रकार साह अहिले असुरक्षितसमेत भएको विज्ञप्तिमा उल्लेख छ ।

विज्ञप्तिमा असुरक्षित पत्रकार साहलाई सुरक्षाको बन्दोबस्त गरी कुटपिटमा संलग्न दुबै जनामाथि कानून बमोजिम कारबाही नगरिए नेपाल पत्रकार महासंघ संघर्षमा उत्रिने जानकारी समेत गराइएको छ ।

# सप्तरीका शक्तिपीठमा भक्तजनको भीड

**दैनिक समाचारदाता**
**राजविराज, ३ कात्तिक ।**

नेपालीको महान् चाड बडादसैं सुरु भएसँगै सप्तरीका विभिन्न धार्मिकस्थलहरूमा श्रद्धालु भक्तजनको चहलपहल बढेको छ ।

सप्तरीस्थित छिन्नमस्ता गाउँपालिकामारहेको प्रसिद्ध छिन्नमस्ता भगवती मन्दिरको शक्तिपीठ दर्शनार्थीको चहलपहल बढेको छ । जिल्लाका दुई शक्तिपीठसहित यस वर्ष भने विभिन्न मन्दिरमा पनि दर्शनार्थीको चहलपहल भइरहेको छ ।

नेपालकै प्रसिद्ध छिन्नमस्ता भगवती मन्दिरमा घटस्थापनादेखि नै ठूलो सङ्ख्यामा श्रद्धालु भक्तजन पूजापाठ गर्नका लागि आउने गरेको छिन्नमस्ता गाउँपालिका अध्यक्ष विद्यानन्द चौधरीले बताए । बिजयीदशमी सुरु भएको छैटौं दिन हजारौंको सङ्ख्यामा भगवतीको दर्शन एवं पूजापाठका लागि भक्तजन आएको उनले जानकारी दिए । छिन्नमस्ता भगवती मन्दिरमा छिमेकी मुलुक भारतबाट समेत दैनिक हजारको सङ्ख्यामा श्रद्धालु भक्तजन आउने गरेको छिन्नमस्ता मन्दिरका पीठाधीश एवं मूल पुजारी महाकान्त ठाकुरले बताए ।

यस्तै, सप्तरीको हनुमाननगर कङ्कालिनी नगरपालिका-१ स्थित भारदहमारहेको कङ्कालनी भगवती मन्दिरमा भक्तजनको निकै भीड लागेको छ । पूर्व-पश्चिमराजमार्ग छेउमा अवस्थित सो मन्दिरमा पनि घटस्थापनादेखि आज छैटौं दिन बिहानदेखि मन्दिरमा लाइनमा बसेर भक्तजन पूजाआजा गरिरहेको नगरप्रमुख वीरेन्द्र माझीले जनाकारी दिए ।

महानवमीका दिन यहाँ पशु बलि हुने दिन लाखौंको सङ्ख्यामा भक्तजनको भीड लाग्ने गर्दछ । नवमीका दिन अत्यधिक भीडका कारण



भक्तजनलाई हुने असुविधालाई ध्यानमाराखी व्यवस्थित रूपमा यहाँ स्वयंसेवक परिचालन गर्नाका साथै मन्दिर क्षेत्रमा सरसफाइ गरिनाका साथै मन्दिरलाई सिङ्गारिएको मन्दिर विकास समितिका सचिव प्रभु मण्डलले जानकारी दिए ।

मन्दिर विकास समितिका सचिव मण्डलका अनुसार कङ्कालिनी मन्दिरमा पूजा गर्ने भक्तजनको अत्यधिक घुइँचो हुन नदिन पूजा गर्नेहरूको छुट्टै पङ्क्तिर खसीबोका बलि दिने भक्तजनको छुट्टै पङ्क्ति लगाउने व्यवस्था गरिएको छ ।

महानवमीका दिनराँगा बलि हुने महिषासुरको परिसरमाराँगाको पङ्क्ति लगाउने छुट्टै टोली, बलि प्रदान गराउने छुट्टै टोलीरराँगा तानेर बाँधसम्म पुर्‍याउने छुट्टै टोलीको व्यवस्था गरिएको मन्दिर विकास समितिले जनाएको छ ।

मन्दिरमा पूजा गर्ने भक्तजनको सुविधाका लागि गाउँका अत्यधिक सङ्ख्यामा युवा परिचालन गर्ने गरिएको छ । छिमेकी मुलुक भारतबाट समेत दैनिक कङ्कालनी मन्दिरमा दर्शनार्थी दर्शन गर्न आउने गरेका छन् ।

बिजया दशमीका अवरसमा छिन्नमस्ता भगवतीर कङ्कालनी मन्दिरमा बलिसमेत गरिने हुनाले भारतको विहारर नेपालकोराजधानी काठमाडौंसहित बिभिन्न ठाउँबाट दर्शनका लागि भक्तजन यहाँको शक्तिपीठमा आउने गरेका छन् ।

यस्तै, सप्तरीको सदरमुकामराजबिराजमारहेको भगवती मन्दिर,राजदेवी मन्दिरमा आज बिहानदेखि भक्तजनको घुइँचो लागेको छ । घटस्थापनाका दिन शुभसाइतमा गहुँ, जौको जमराराखी विजयदशमीको दिन माता भगवतीलाई अपर्ण गरी प्रसादका रूपमा लगाइने गरेको छ ।

गहुँ तथा जौको नवअङ्कुर लगाउनाले सुख, शान्ति, समृद्धिर स्वास्थ्य लाभ हुने पौराणिक मान्यतारहेको पण्डित मृकुन्जाइ झाले बताए । नवरात्रिसम्म पूजा गरेर अनुरित जमराकोरस बनाएर खानाले बिभिन्नरोग निको हुने बताउँदै पौराणिक मान्यताअनुसार निधारमा बिजयस्बरुप टीका लगाएर जयरा शिरमाराख्दा शिरको पीडा मानसिक अशान्तिबाट टाढा हुने उनको भनाइ छ ।

# चिकित्सा शिक्षा ऐन संशोधन प्रक्रियामा

कास्की, ३ कात्तिक (रासस) ।

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री मोहनबहादुर बस्नेतले चिकित्सा शिक्षा ऐन संशोधनको प्रक्रियामारहेको बतानुभएको छ ।

नेपाल किसान महासङ्घले पोखरामा आज आयोजना गरेको शुभकामना आदानप्रदान कार्यक्रममा मन्त्री बस्नेतले चिकित्सा शिक्षा क्षेत्रका समस्या समाधानका लागि ऐन संशोधन गरेर अगाडि बढ्ने बताउनुभयो । उहाँले भन्नुभयो- "चिकित्सा शिक्षा ऐन संशोधन हुन्छ । यसलाई प्रधानमन्त्रीर पार्टीका नेताले सकरात्मक रुपमा लिनुभएको छ । संशोधन प्रक्रिया अघि बढिसकेको छ ।

मन्त्री बस्नेतले स्वास्थ्य क्षेत्रको विकृति अन्त्य गर्न कठोर नीति अवलम्बन गरिएको बताउनुभयो । उहाँले स्वास्थ्य क्षेत्रको सुधारका आफू प्रतिबद्धरहेको दोहोर्‍याउनुभयो ।


**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सन्तोष प्रसाद शाह**
**Dr. Santosh Prasad Sah**
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
**कन्सलटेन्ट फिजिसियन**

**डा. यमेश यादव**
**Dr. Yamesh Yadav**
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
**जेनरल सर्जन**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क :
**कृताञ्जली मेडिकल हँल**
**राजविराज**
Mo. No : 9842830252, 9804605569

**लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय**

**लक्षण**
- उच्च ज्वरो आउनु ।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु ।
- आँखाको गेडी दुख्नु ।
- अत्याधिक टाउको दुख्नु ।
- शरीरमा राता बिमिराहरु आउनु ।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।***

**बच्ने उपाय**
- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं ।

**डाक्नेश्वरी नगर कार्यपालिकाको कार्यालय**
**पातो, सप्तरी**

# चाडपर्वमय बन्दै मिथिला

महोत्तरी, ३ कात्तिक (रासस) ।

दशहारा (बडादसैं)को नवरात्र जारी छ । दिवाली (तिहार)र छठपर्व दशहारालगत्तै नजिकिँदैछन् । यी सांस्कृतिकर पारम्परिक चाडबाडको तयारीले मधेस प्रदेशको प्राचीन मिथिला क्षेत्रमा पर्ने महोत्तरीमा उमङ्ग छाएको छ । चाडपर्वकोरमझमर तयारीले मिथिला क्षेत्र अहिले उमङ्गित छ ।

वर्षमा दुईवटा नवरात्र (दसैं)मनाइने मैथिल परम्परा छ । असोज शुक्लपक्षको प्रतिपदादेखि नवमीसम्मलाई शारदीय नवरात्रर चैत शुक्ल प्रतिपदादेखि नवमीसम्मलाई वासन्ती नवरात्र भनिन्छ । दुवै नवरात्रमा देवी पूजन विधि समान भए पनि यहाँ शारदीय नवरात्र नै उल्लासका साथ मनाइँदै आइएको छ । शारदीय नवरात्रलाई मैथिल बोलीचालीमा दशहारा भनिन्छ ।

दशहारा पर्वमा जताततै देवी भजनका मङ्गलधुन गुन्जिरहेका छन् । बस्तीबस्तीमा देवी महिमाका भजन गाइने गरिएको छ । असोज शुक्लपक्ष सुरु भएसँगै देवी शक्तिपीठ, मन्दिरर प्रतिमास्थलमा दर्शनार्थी भक्तजनको लाम छ । देवी शक्तिपीठर मन्दिरमात्र नभएर अहिले बस्तीबस्तीमा निर्मित देवी प्रतिमास्थलमा भक्तजनको घुइँचो छ । ठाउँ-ठाउँमा दुर्गा मेला आयोजन गरिएका छन् ।

पर्व लागेसँगै घर सिङगार्ने चटारो छ । पर्वका लागि सरसामानको जोहोमा सबै व्यस्त देखिन्छन् । सर्वसाधारण किसान भने खेतीपातीको चाँजो मिलाउँदैछन् । कतिका खेतमा धान पहेँलै भएर पाकेका छन् । तरकारी बालीको नियमितरेखदेखर पालोमा (सातामा दुईपटक टिप्नेर बजार लाने) बजार पुऱ्याउनुपर्ने अनिवार्य छ । किसानहरू खेतीपातीको व्यस्तताबीच पर्वको तयारीमा लागेका छन् ।

"चाडपर्वले छोपेका छन् । काम भ्याइनभ्याई छन्", आजै भाण्टा टिप्ने पालोमा एकाबिहानै तरकारी बारीमा भेटिनुभएका किसान बलदेव महतोले भन्नुभयो, "दशहारा पर्वको मेसो पनि यिनै फसल बेचेर त मिलाउने हो नि !" पर्वका सरसामानको जोहो मिलाउन पनि भाण्टा टिप्नर मुला उखेलेर बजार पुऱ्याउनै पर्ने महतोको भनाइ थियो ।

असोज पूर्णिमासँगै दसैं सकिनासाथ अर्को मुख्य चाड तिहारको पक्ष प्रारम्भ हुनेर त्यसलगत्तै छठपर्व पर्ने भएकाले सम्पूर्ण मिथिला अहिले पर्वको तयारीमा देखिन्छ । खेतीपातीदेखि सबै व्यावसायिक काम पनि अहिले पर्वकेन्द्रित बनेका छन् ।

दसैं, तिहारर छठपर्वमा कतिपय कृषिउपज विधिमै उपयोग गरिने परम्पराले किसान अहिलेदेखि नै त्यसको तारतम्य मिलाउन लागिपरेका छन् । खासगरी छठमा उखुका लाँका, अदुवा, बेसारका गानोर पातसहितका बोट, ज्यामिरर अन्य कन्दमूल पूजा सामग्री नै हुन्छन् । छठताका यिनको मागर बिक्रीराम्रो हुने भएपछि थोरै करेसाबारी हुनेका उत्पादनले पनि बजार पाउँछन् ।

दशहारामा यहाँका बस्तीबस्तीमा पिड हाल्ने काममा किशोरर युवा जुटेका छन् । बस्ती-बस्तीमा सडक, ढल सरसफाइमा बस्तीका बासिन्दा आफैं जुटेका छन् । जताततै पर्वले मिथिला उमङ्गित देखिएको छ ।



## महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन् । यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ । यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ । महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुञ्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ । यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ । यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ । खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ । परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ । आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वञ्चित छन् । राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वञ्चित छन् । समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन ।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ । त्यसका लागि महिला हिंसा विरुद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाइजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ ।

**जनहीतका लागि : अग्निसाइर कृष्णासवरण गाउँ कार्यपालिकाको कार्यालय, सीतापुर, सप्तरी**

## बालविवाह विरुद्ध अपील
## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ । विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । नेपालमा कानुनत: विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ । त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो ।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने ।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने ।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने । अपाङ्गता भएका सन्तान जन्मन सक्ने ।
६. विवाहपछि बालबालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने ।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने ।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गाह्रो हुने ।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हननमात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो । तसर्थ बालविवाह नगरौं नगराऔं ।*

**बालविवाह सम्बन्धी कानुनी व्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालविवाह गर्न नहुने भनी स्पष्ट व्यवस्था गरेको छ । यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने व्यक्तिको उमेर निर्धारण गरेको छ । जस अनुसार २० बर्ष नपुगी कसैले बालविवाह गर्न वा गराउन हुदैन भन्ने व्यवस्था गरेको छ । उपदफा १ विपरित भएको बिवाह स्वत:बदर योग्य हुने छ । यसैगरि उपदफा (३) मा कसुर गर्ने व्यक्तिलाई ३ वर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ । बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने व्यवस्था कानूनले गरेको छ । तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं । बालविवाह रोक्न आजैदेखि पहल गरौं ।

**अनुरोधकर्ता**

**राजगढ गाउँ कार्यपालिकाको कार्यालय, नर्घो, सप्तरी**


## विश्व समाचार

### गाजा चर्चमा भएको इजराइली आक्रमणमा थुप्रैको मृत्यु भएको छ : हमास

गाजापट्टी, प्यालेस्टिनी अधिनस्थ क्षेत्र, ३ कात्तिक (रासस/एएफपी) ।

बिहीवार अबेर भएको इजराइली हमलामा गाजामा एउटा चर्चमा आश्रय लिएर बसेका थुप्रै विस्थापितहरूको मृत्यु भएको र धेरै घाइते भएको हमास नियन्त्रित आन्तरिक मामिला मन्त्रालयले बताएको छ ।

मन्त्रालयका अनुसार गाजा सहरस्थित ग्रिक अर्थोडक्स सेन्ट पोरफाइरस चर्चका परिसरमा भएको हमलामा 'ठूलो सङ्ख्यामा सहित र घाइते' भएका छन् ।

प्रत्यक्षदर्शीहरूले एएफपीलाई दिएको जानकारीअनुसार प्यालेस्टिनी क्षेत्रमा भएको युद्धपछि थुप्रै गाजाबासीले शरण लिएको चर्चनजिकै लक्षित गरी हमला गरेको देखिन्छ ।

इजराइली प्रतिरक्षा फौज (आईडीएफ) ले इजराइलतर्फ रकेट र मोर्टार प्रक्षेपणमा संलग्न कमान्ड र कन्ट्रोल सेन्टरलाई लक्षित गरी आफ्ना लडाकू विमानले आक्रमण गरेको बताएको छ ।

"आईडीएफले गरेको हमलाबाट एउटा चर्चको पर्खाल क्षतिग्रस्त भएको छ, हामी हताहतको रिपोर्टबारे सचेत छौं, घटनाको समीक्षा गरिरहेका छौं", आईडीएफले भनेको छ ।

प्रत्यक्षदर्शीहरूले आक्रमणमा चर्चको बाहिरी भाग क्षतिग्रस्त भएको र छेउको एउटा भवन भत्किएको भन्दै घाइते धेरैलाई अस्पताल लगिएको बताएका छन् ।

पोरफाइरस अझै पनि सञ्चालनमा आएको गाजामा सबैभन्दा पुरानो चर्च हो । जेरुसेलमको अर्थोडक्स प्रमुखले आफ्नो चर्च परिसरमा भएको हमलाको 'कडा निन्दा' गरेका छन् ।

### कूटनीतिक तनावका बीच क्यानाडाले भारतबाट ४१ कूटनीतिज्ञलाई फिर्ता बोलायो

ओटावा, ३ कात्तिक (रासस/एएनआई) ।

क्यानाडा र भारतबीच जारी विवादका कारण क्यानाडाले भारतबाट ४१ कूटनीतिज्ञ र उनीहरूको परिवारका ४२ सदस्यलाई फिर्ता बोलाएको क्यानाडाका विदेशमन्त्री मेलानी जोलीले घोषणा गर्नुभएको छ ।

"अहिलेसम्म भारतले भोलि अक्टोबर २० (शुक्रबार) सम्ममा नयाँदिल्लीमा रहेका २१ क्यानाडाली कूटनीतिज्ञ र आश्रितबाहेक सबैलाई अनैतिकरूपमा कूटनीतिक उन्मुक्ति हटाउने उसको योजनाबारे औपचारिकरूपमा बताएको म पुष्टि गर्न सक्दछु, यसको अर्थ ४१ क्यानाडाली कूटनीतिज्ञ र तिनीहरूका ४२ आश्रितमाथि कुनै मनमानी मितिमा उन्मुक्ति हटाउने खतरा थियो र यसले उनीहरूको व्यक्तिगत सुरक्षा जोखिममा पर्नेछ", क्यानाडाली कूटनीतिज्ञहरूको प्रस्थानको पुष्टि गर्दै मन्त्री जोलीले भन्नुभयो ।

दुई मुलुकबीच जारी कूटनीतिक विवादका कारण 'समानता' को माग गर्दै भारतले क्यानाडाको भिसा सञ्चालन निलम्बनसँगै भारतमा क्यानाडाली कूटनीतिज्ञहरू कटौती गर्न आह्वान गरेपछि क्यानाडाली कूटनीतिज्ञहरूलाई फिर्ता बोलाइएको हो ।

"भारतबाट उनीहरूको सुरक्षित फिर्तीका लागि हामीले सहज बनाएका छौं, यसको अर्थ अब हाम्रा कूटनीतिज्ञ र उनीहरूका परिवारले कूटनीतिक छुटलाई परित्याग गरेका छन्, उनीहरू जहाँबाट आएका भए पनि र जहाँ पठाइए पनि कूटनीतिज्ञहरूलाई सुरक्षित राखौं, प्रतिरक्षाले कूटनीतिज्ञहरूलाई उनीहरूको देशबाट प्रतिशोध वा गिरफ्तारीको भयबिना आफ्नो काम गर्न अनुमति दिन्छ", मन्त्री जोलीले भन्नुभयो ।

"तिनीहरू कूटनीतिको मूलभूत सिद्धान्त हुन् र यो दुईतर्फी बाटो हो, प्रत्येक देशले नियमको पालना गर्दा मात्र काम गर्छ, कूटनीतिक विशेषाधिकार र उन्मुक्तिको एकतर्फी खारेज अन्तर्राष्ट्रिय कानूनविपरीत हो, यो कूटनीतिक सम्बन्धमा भियना महासन्धिको स्पष्ट उल्लङ्घन हो र यस्तो गरेर धम्की दिन अव्यावहारिक र तनावपूर्ण हो", उहाँले भन्नुभयो, "यदि हामीले कूटनीतिक प्रतिरक्षाका मानकलाई उल्लङ्घन गर्न दियौं भने पृथ्वीमा कुनै पनि कूटनीतिज्ञ सुरक्षित हुने छैन ।" उहाँले यसबारे क्यानाडाले 'त्यस्तै व्यवहार' नगर्ने बताउनुभयो ।

आप्रवासन, शरणार्थी र नागरिकमन्त्री मार्क मिलरसँगै मन्त्री जोलीले 'भारतसँगको स्थिति' माथि विकसित घटनाक्रमबारे घोषणा गर्दै कूटनीतिज्ञहरूको फिर्तीपछि क्यानाडाले दिने सेवा वितरणमा यसको कस्तो प्रभाव पर्नेछ भन्ने बारे जानकारी गराउनुभयो ।

"भारतको यो निर्णयले दुवै मुलुकका नागरिकलाई सेवाको स्तरमा कुनै असर पर्नेछैन, दुर्भाग्यवश हामीले चन्डीगढ, मुम्बई र बेङ्गलोरमा हाम्रा वाणिज्य दूतावासका सबै व्यक्तिगत सेवा रोक्नुपर्‍यो", उहाँले भन्नुभयो "कन्सुलर सहयोग आवश्यक पर्ने क्यानाडालीहरूले अझै पनि दिल्लीस्थित हाम्रो उच्चायोगमा जान सक्नुहुन्छ, तपाईंले अझै पनि फोन र इमेलमार्फत व्यक्तिगत सेवा लिन सक्नुहुन्छ ।"

### भारतमा अर्ध-उच्च गतिको रेल सेवा सुरु

नयाँदिल्ली, ३ कात्तिक (रासस/सिन्ह्वा) ।

भारतले शुक्रबार देखि आफ्नो पहिलो अर्ध उच्च गतिको 'नमो भारत' नामक रेल सेवा सुरु गरेको अधिकारीहरूले बताएका छन् ।

आरआरटिएस नामले समेत चिनिने क्षेत्रीय द्रुत रेल सेवाको प्रधानमन्त्री नरेन्द्र मोदीले भारतको उत्तरी राज्य उत्तर प्रदेशमा उद्घाटन गर्नुभयो । रेलले उत्तर प्रदेशको साहिबाबाद र दुहाई डिपो स्टेसनलाई जोड्नेछ ।

प्रधानमन्त्री मोदीले जारी गरेको तस्बिरमा उहाँलाई रेलमा स्कुलका बालबालिकासहित सहयात्रीहरु सँग कुराकानी गरिरहेको देखाइएको छ ।

"भारतको पूर्वाधारमा एउटा महत्वपूर्ण विकास ! दिल्ली-मेरठ आरआरटिएस करिडोरले क्षेत्रीय कनेक्टिभिटीमा ठूलो परिवर्तन गर्नेछ", र्‍यालीलाई सम्बोधन गर्दै प्रधानमन्त्री मोदीले भन्नुभयो । अधिकारीहरुका अनुसार दिल्ली-गाजियाबाद-मेरठ १७ किलोमिटर लामो प्राथमिकता भएको खण्ड यात्रुहरूका लागि शनिबारदेखि खुल्ला गरिने छ ।

# बिधालयस्तरबाटै खेलाडी उत्पादन गर्नुपर्नेमा जोड




**दैनिक समाचारदाता**
**राजविराज, ३ कात्तिक ।**

मधेश प्रदेश सरकारका अर्थ तथा योजना समिति का सभापति तथा प्रदेश सभा सदस्य तथा सतिश कुमार सिँहले बिधालय स्तरबाट खेलाडी उत्पादन गर्नुपर्नेमा जोड दिएका छन ।

सप्तरी जिल्ला खेलकुद बिकास समितिद्वारा बिजया दशमी, शुभदिपावली तथा छठ पर्वको अवसरमा शुक्रबार आयोजित शुभकामना आदान प्रदान कार्यक्रममा बोल्दै उनले सो कुरमा जोड दिएका हुन् ।

बिद्यालयबाटै बिद्यार्थीहरूलाई अतिरित्त क्रियाकलापलाई प्राथमिकता दिएमा उनीहरूमा भएका प्रतिभालाई उजागर गर्न सकिने उनले बताए । प्रदेश सभा सदस्य सिंहले बालबालिकाको बृद्धि बिकासका लागि मनोरञ्जन दिने कुनै पनि क्रियाकलापलाई खेल भन्न सकिन्छ भने बालबालिकाको सिकाइका लागि खेल सबैभन्दा प्रभावकारी बिधि भएको बताए ।

मधेश प्रदेश क्रिकेट संघ सदस्य समेतरहेका सिंहले मधेश प्रदेश भित्र भएका आबश्यक खेल मैदानको मर्मत सम्भार गर्ने योजना अनुसार यस आर्थिक बर्षमा खेलमैदान निर्माण तथा मर्मत सम्भार गर्न पबिमाबिरराजरंगशाला खेलमैदानमा बजेट छुट्याएको जानकारी दिए ।

कार्यक्रममा खेलकुद बिकास समितिका कार्यालय प्रमुख दिनेश भुजेलले बिभिन्न खेलको लागी प्रशिक्षक अभावरहेको बेला खेलाडीहरूलाई प्रशिक्षण गर्न खेलमैदान समेत ब्यबस्थित नहुदाँ खेलकुद गतिबिधि संचालन गर्न कठिनाई भईरहेको गुनासो गरे ।

भारोत्तोलनका प्रशिक्षक समेतरहेका भुजेललेराष्ट्रपतिरनिगं शिल्ड प्रतियोगितामा सप्तरीका पालिकाहरूले प्रतियोगिता संचालन निर्देशिका बमोजिम नगर्दा गतिबिधि गर्न चुनौती हुने गरेको बताए । आउने दिनमा प्रतियोगिताहरू संचालन गर्न खेलकुद बिकास समिति सँग समन्वय गर्नुपर्ने बताउदै पालिकाहरु यस प्रति गम्भिर हुनुपर्ने जिकिर गरे ।

उक्त अवसरमा सप्तरी क्रिकेट संघका सचिव चन्दनकुमार यादबले मधेश प्रदेश सरकारले स्थानिय स्तरबाटै खेलर खेलाडीको बिकासलाई जोड दिईदै बृहत् योजना ल्याउनुपर्नेमा जोड दिए ।

नेपाल फुटवल संघ सप्तरीका अध्यक्षराजकुमार परियारले बि.स २०१६ सालमा निर्माण भएको खेलकुद बिकास समिति अहिले जिर्ण भवनमा जोखिमपुर्ण खेल अभ्यास गर्नु बाध्यरहेको गुनासो पोखे ।

जनमत पार्टीका युवा नेतारघुनन्दन यादबले खेलकुद बिकास समितिको क्लबलाई ब्यबस्थितका साथै स्तरबृद्धि गर्नुपर्नेमा जोड दिए ।

यस्तै कार्यक्रममा सप्तरी जिल्ला खेलकुद बिकास समितिमा १८ बर्ष देखि सहायक प्रशिक्षकमा काम गर्दै आएका संजय जोशी, उमेश गुरूङ, सिताराम चौधरी संजय परियारको स्तरबृद्धि भई अधिकृतमा बढुवा भएमा प्रदेश सभा सदस्य सतिश कुमार सिंहले गमछा ओढाएर सम्मान गरेका थिए ।

सो अवसरमा प्रशिक्षक, खेलाडी, कर्मचारी लगायतको उपस्थितिरहेको थियो भने कार्यक्रमको संचालन प्रशिक्षक संजय परियारले गरेका थिए ।


**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७



**हार्दिक मंगलमय शुभकामना**



२०८० सालको विजयादशमी, दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, गाउँवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**विश्वनाथ मण्डल**
अध्यक्ष
तथा
जन ज्योति कृषि सहकारी संस्था लिमिटेड
संचालक समिति परिवार
राजविराज ९, मलेठ, सप्तरी



**हार्दिक मंगलमय शुभकामना**



२०८० सालको विजयादशमीको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण ग्राहक, कर्मचारी, शेयर सदस्य, पदाधिकारी एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**सचिन्द्र दास**
अध्यक्ष, तथा
जनमूखी बहुउद्देश्यीय सहकारी संस्था लि.
राजविराज ४, सप्तरी, परिवार



**हार्दिक मंगलमय शुभकामना**



२०८० सालको विजयादशमीको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण ग्राहक, कर्मचारी, शेयर सदस्य, पदाधिकारी एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**शत्रुघन प्रसाद गुप्ता**
अध्यक्ष, तथा
नेपाल सहकारी संस्था लि.
राजविराज ३, सप्तरी, परिवार



**हार्दिक मंगलमय शुभकामना**



२०८० सालको विजयादशमी, दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**भुपेन्द्र प्रसाद यादव**
अध्यक्ष, तथा
समाज सुधार बचत तथा ऋण सहकारी संस्था लि.
संचालक समिति परिवार
राजविराज ८, सप्तरी


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*